# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-५ | अंक-१८ | २०७७ मंसिर १० गते बुधबार | 25 November 2020 Wednesday | मूल्य रू. १०/-


## उत्तरी नाका कछुवा गतिमा निर्माण

**मिसन न्यूज**

**कालिकोट**

कर्णाली प्रदेश सरकारले कर्णालीका उत्तरी नाकालाई प्राथमिकतामा राखेको छ। तर, कर्णाली प्रदेशका उत्तरी नाका मुगुको नाक्चेलाक्ना, डोल्पाको मोरिल्ला र हुम्लाका हिल्सामा सुस्त गतिमा काम भइरहेको छ। चीन सरकार कर्णाली प्रदेशको उत्तरी नाका हिल्सा खोल्नका लागि तयार भएको छ भने मुगुको नाक्चेगाल्ना र डोल्पाको मोरिल्ला नाका खोल्न भने आनाकानी गर्दै आएको छ। सरकारले प्राथमिकतामा राखेका योजनाहरू राष्ट्रिय गौरवका आयोजनामा नराखी थोरै बजेट विनियोजन गर्दा अहिले कर्णालीका उत्तरी नाका खोल्नमा सकस नै छ।

नाक्चेलाग्ना बजेटको अभाव

कर्णाली प्रदेशको उत्तरी नाकाका रूपमा रहेको नाक्चेलाग्ना नाका खोल्नका लागि प्रदेश सरकार ले प्राथमिकतामा राख्दै आएको छ । मुगुको गमगढीदेखि नाग्चेलाग्नासम्मको ९६ किलोमिटर मध्ये हाल गमगढीदेखि थाइलसम्मको १६ किलोमिटर ट्रयाक खुलेको छ। १६ किलोमिटर



मुगुको नाक्चेलाग्ना सडक अर्न्तगत थाइल सडकखण्ड। तस्विर : मिसन न्यूज

सडकको ट्र्याक ओपन भएअगाडिका वर्षमा बजेट नै विनियोजन नभएको र चालू आवमा १० करोड रुपैयाँ बजेट विनियोजन गरिएको सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख श्रवणकुमार महताराले बताए । 'गत आर्थिक वर्षमा नाग्चेलाग्ना सडक निर्माणका लागि बजेट नै आएन,' उनले भने, 'यो आर्थिक वर्षमा १० करोड बजेट आएको छ। डीपीआर तयार भएर अहिले ठेक्का खोल्ने तयारीमा छौं।' नाक्चेलाग्ना

**बाँकी ८ पेजमा.....**

## कालिज पालनमा आकर्षण बढ्दै

**मिसन न्यूज**

**सुर्खेत**



कर्णाली प्रदेशको सुर्खेतमा कालिजपालनको व्यवसाय बढ्दै जना थालेको छ। बजारको माग बढ्दै गएका कारणले कालिजको व्यवसायिक पालन गर्नेको संख्या बढ्दै गएको हो। कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर नगरपालिका(१३ 'एचके अर्गानिक वाइड एण्ड अर्गनाईजेशन रिसर्च' प्रा.लि. रातानाङलामा र वीरेन्द्रनगर(१४ को गढीमा 'माउण्टेन वाइल्ड फुड प्रोडक्ट' प्रा.लि.ले व्यवसायिक कालिजपालन शुरु गरेका छन्। एचके अर्गानिक वाइड एण्ड अर्गनाईजेशन रिसर्च प्रा.लि.ले २० रोपनी जग्गा १० वर्ष लिजमा लिएर ८८ लाखको लगानीमा कालिजपालन फर्मको सुरुवात गरेको हो भने, माउण्टेन वाइल्ड फुड प्रोडक्ट' प्रा.लि.ले ६० लाखको लगानीमा कालिजपालन व्यवसाय शुरु गरेको हो। एचके अर्गानिक वाइड एण्ड अर्गनाइजेसन प्रा.लि.ले भदौ महिनादेखि कालिज पाल्न सुरु गरिएकोमा एक हजार दुई सय कालिज उत्पादन गरिएको गरिएको सञ्चालक हस्तबहादुर शाही बताए। 'आफ्नो आर्थिक समृद्धिसँगै कर्णाली प्रदेश सरकारले लिएको समृद्धिको नारालाई समेत सहयोग पुग्ने उद्देश्यका साथ फार्मको सुरुवात गरेका छौं।' उनले भने,'आवश्यकताअनुसार व्यवसायलाई बिस्तार गर्दै जाने सोचमा रहेको छ।' एचके अर्गानिक वाइड एण्ड अर्गनाइजेसन प्रा.लि.ले हाल १ हजारदेखि १२ सयसम्म कालिज पालन गरेको सञ्चालक शाहीले बताए। 'चल्लाहरू आउने क्रम जारी छ। बिस्तारै ४ हजार बढी पुर्‍याउने लक्ष्य छ।' उनले भने,'हामीले फ्रान्सेली कालिजको मूल्य एउटाको ३ हजार ५ सय पर्नेछ।' माउण्टेन वाइल्ड फुड प्रोडक्ट' प्रा.लि.ले पहिलो चरणमा ४ सय कालिज पाल्न शुरु गरेको केही कालिज बिक्रि भइसकेको र अबका दिनमा थप कालिकोजको पालन गरिने व्यवस्थापक टोपेन्द्र पौडेल (राज)ले बताए। 'हामीले पहिलो चरणमा ४ सय कालिजको पालन गरेका थियौं। ती मध्ये केही बिक्रि भइसकेका छन्।' उनले भने,'अझैं व्यवसायिक रुपमा थप गर्ने योजना बनाएका छौं।'

## खानेपानीको चरम अभाव

**कालिकोट**-कर्णाली प्रदेशको दुरदराज गाउँमा खानेपानीको विकराल अवस्था छ। कर्णालीमा जति समृद्धिको नारा लगाइए पनि खानेपानीको निकै अभाव देखिएको हो। कर्णालीका दुर्गम गाउँमा पुर्वाधारको अवस्था स्थानीय सरकार आएपछि सामान्य रुपमा बदलिए पनि खानेपानीको उस्तै हालत छ। कालिकोटको पलाँता गाउँपालिका(२ बान्जडाकी सरस्वती प्याकुरेलको दैनिकी पीठिउँमा खानेपानीको भारी बोक्दै बित्छ। एक गाग्री पानी लिन उनी दुई घण्टाको बाटो हिँडेर खोला किनारमा रहेको धारामा पुग्ने गर्छिन्। गाउँमा पानीको निकै पीडा पाएकी सरस्वती त एक प्रतिनिधि मुलक पात्र मात्र हुन्। उनि जस्तै पानीको जोहो गर्दै यहाँका धेरै स्थानीयको दैनिकी गुजरा गर्न मुस्कील बन्दै गएको छ। उनले खाडाको घरबाट एक घण्टा ओरोलो झरेर थाडीबाट पानी ल्याउनुपर्ने बाध्यता छ। सरस्वतीको वषादेखिँ पानी बोक्दा बोक्दै थाप्लोका कपाल झरिसकेका छन्। सजिलै एक गाग्री पानी पाउँदा पनि लडाइँ जितेजस्तै गर्नु पर्ने समस्या छ। धारोमा गाउँभरिका मानिस पानी भर्न लाइन लागेर बसेका हुन्छन्।

जीवनकै ठुलो दु:ख पानीको पाएको सरस्वतीको गुनासो छ। गाउँमा आउने सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिले खानेपानी समस्या समाधानका लागि धेरै आश्वासन दिए पनि पानीकै पिरलो छुट्न नसकेको स्थानीय महिलाहरू गुनासो गर्छन्। पलाँताको खाँडामा एउटा मात्र धारो छ। त्यहि पनि पालो कुरेर वस्नु मात्र होइन्। रातभरी जागराम वस्नु पर्ने बाध्यता छ। धारको वरिपोरी विस्कुन डाँसे जस्तै रित्ता भाँडाको लस्कर लागेको छ। पानी भर्न लाइन लाग्नुपर्ने हुँदा छिटो भर्न खोज्दा भागदौड हुने र बालबालिका घाइतेसमेत हुने गरेका छन्। धौलागोह राडुनेटाकी ६० बर्षिया वेलकला बमको पीडा पनि कम छैन्। उनि रातभरी पानीको लागि धारोमै वास बस्ने गर्छन्।

पानीको लागि पाउँनु दु:ख पाएको पीडा पोख्छिन्। विगतका सरकारभन्दा स्थानीय सरकार आएपछि खानेपानीको आशा जागेको स्थानीय बलले बताईन्। बालबालीकालाई पानी ल्याउँदै रातदिन बित्छ। स्कुल जानै भ्याईंदैन। पानी नहुँदा नुहाउन नपाइने र विद्यालयमा शिक्षकले रिसाउने गर्छन। बान्जडामा खानेपानीका लागि बजेट नआएको पनि होइन। पलाँताकै चर्चित बुड्ने खानेपानी आयोजनामा वर्षौंदेखि बजेट आइरहेको छ। लाखौं बजेट खर्चिए पनि खानेपानी योजना अधुरै रहेका छन्। पलाँताको खाडाँ,बान्जाडा र थिर्पुको पारौटी जिल्लाकै सबैभन्दा बढी खानेपानी अभाव क्षेत्र रहेका हुन्। बान्जाडाका एक सय ८२ घरधुरीका लागि गाउँमा एउटा मात्र खानेपानी धारा रहेको छ।

# सम्पादकीय...

## सामाजिक विकृतिको अन्त्य गरौं

समाजमा विद्यमान मूल्य प्रणाली र परिवर्तित अर्थ सामाजिक आधारबीच निरन्तर संघर्ष चलिरहन्छ। विद्यमान मूल्य प्रणालीको आधार पनि समाजका वर्ग हुन् र सत्तारुढ या शक्ति सम्बन्धमा माथि परेको वर्गका विचार हुन् । यस्तो सामाजिक मूल्य या समाजलाई नियन्त्रण-निर्देशन गर्ने, व्यक्तिको आचारण व्यवहार र परिवार-परिवारबीचको सम्बन्धको निर्क्योल गरिदिने काममा यस्तो मूल्य प्रणालीको महत्वपूर्ण भूमिका हुन्छ। समाजमा यस्तो मूल्य प्रणालीको पुस्तान्तरण र पुनरुत्पादन पनि भइरहन्छ । यसले समाजमा कुरीति र अन्धविश्वासजन्य विषय पनि पुनरुत्पादन गरिरहन्छ । नेपाली समाजमा बोक्सीप्रथा, झाँक्री परम्परा, छाउपडी, दाइजो, परिवारमा सदस्यबीच हुने उँचनिचको सम्बन्ध, समाजमा सामाजिक वर्गहरू र विशेषगरी नेपालको सन्दर्भमा दलित गैरदलितबीचका विभेदकारी सम्बन्ध तथा महिला र पुरुषबीचको असमान सम्बन्ध यस्तै मूल्य प्रणालीका उपज हुन्। यस्तो मूल्य प्रणाली मध्ययुगीन सामन्तवादी अर्थ सामाजिक व्यवस्थाका उपज भए पनि तिनको यो लोकतान्त्रिक प्रणालीमा पनि निरन्तर पुनरुत्पादन भइरहेको छ । सबैभन्दा मुस्किलको कुरो भने ठुल्ठूला राजनीतिक आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने र ाजनीतिक दल र तिनका गाउँ-गाउँसम्म फैलिएका सम्पर्क सञ्जालहरू केन्द्रीय राज्य प्रणालीबाट सामन्तवादलाई बिदा गर्न त तयार भए, तर समाजको पिँधमा रहेको यसको जरा र गुँड भत्काउन तयार भएनन् । प्रकारान्तरले राजनीतिक दलहरू र राज्यसत्ताका विभिन्न अंगले नै यस्तो मूल्य प्रणालीका विकृत परम्परा जोगाउन भूमिका खेलेका छन् । गएका केही महिनामा नेपालका विभिन्न भागमा भएका बोक्सीसम्बन्धी घटना र त्यसमा राज्यसंयन्त्र अर्थात् प्रहरी न्यायालय र राजनीतिक नेतृत्वले खेलेको भूमिका हेर्दा देखिने चित्र पनि यही हो ।

यस सम्बन्धमा गाउँ समाज या स्थानीय परम्परामा आधारित समाजका अगुवा, पञ्चायतीजस्ता संस्थाहरूसमेत समाजको विकृत मूल्य-परम्परा र दमनकारी शक्ति सम्बन्धका स्रोत बनेर समाजको उदारवादी पुनर्संरचनामा बाधक बनिरहेका पाइन्छन् । यिनले कतिपय सन्दर्भमा राज्यले दिएका अधिकार उपभोग गर्नबाट कमजोर वर्गलाई रोकिरहेको र कतिपय सन्दर्भमा स्थानीय राजनीतिक नेतृत्वको आड र स्थानीय प्रशासनको प्रहुँच प्रयोग गरेर यस्तो मूल्य प्रणालीलाई कानुनभन्दा माथि राख्न सक्रिय भूमिका खेलिर हेकोसमेत पाइन्छ। हालै सिराहा जिल्लाको नवराजपुर गाउँपालिका कुर्सन्डीको शिवमन्दिर मा राति जम्मा भएका गाउँले या पञ्चायतीमा बसेकाले स्थानीय मूर्तिदेवी यादवलाई बोक्सी घोषणा गर्दै कुटपिट गर्नुका साथै मलमूत्रसमेत खुवाएको समाचार आयो । यसमा

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# भारी बोकेरै रोजगारी

**मिसन न्यूज**
**कालिकोट**

जिल्लाको एक स्थानिय हाटबजार जिते बजारले बेरोजगारलाई रोजगार दिएको छ । २०६३ सालमा सुर्खेत जुम्ला सडक निर्माण भएपछि कर्णाली नदीको छालमा लागेको बजारले यहाँका स्थानिय बेरोजगारीहरुलाई १३ वर्षदेखि नै



रोजगारी दिएको हो। कर्णाली नदिमा पक्की पुल निर्माण नहुँदा राजमार्गको स्थानिय जितेबजार देखि झोलंगेपुल तारेर सामाग्रीहरु लेवरमार्फत ढुवानी गराउनु पर्छ । दैनिक जसो एक सय भन्दा बढी मजदुरले अहिले रोजगारी पाइरहेका छन् । २०६३ सालदेखि दैनिक जसो एक सय भन्दा बढी स्थानिय बेरोजगारीहरुले रोजगारी पाइरहेको जितेबजारका एक व्यापारी तुलाराज योगीले बताए। उनले भने, 'यतिले पनि सामान समयमै पुल पारी पुर्याउन सकिँदैन, रातभरी सडकमै सामानको हेरालो राख्नुपर्छ । राजेगारीको लागि जिल्लाका ९ वटै स्थानिय तहहरुवाट यहाँ भारी बोक्न आउँछन् । दिनभरी भारी बोक्छन् बेलुका एक हजारदेखि १५ सयसम्म ज्याला बुझेर घर फकिन्छन् त कोही टाढादेखि भारी बोक्न आउने मजदुर भने बजारमै कोटा लिएर बस्छन् । वास्तवमा भन्ने हो भने, एक स्थानिय तहले अहिलेसम्म मजदुरलाई रोजगारी दिन सकेको छैन । तर, स्थानिय हाटबजारले दैनिक एक सय भन्दा बढी बेरोजगारिहरुलाई रोजगार दिएको छ ।

संघीयता के हो ? थाहा छैन । लामो समयदेखि जितेबजारमा भारी बोक्दै आइरहेका खाँडाचक्र नगरपालिका -२ निवासि पंखे विकले भने, 'मेरो रोजी रोटीनै यही भारी  हो । यही बजारमा भारी बोक्दा मेरो १३ वर्ष बित्यो । पहिले पनि भारी बोकेरै घरपरिवार पाल्थेँ, अहिले पनि भारि बोकेरै दुई छोरा र तिन छोरीलाई यसैबाट पढाई

**बाँकी ६ पेजमा.....**

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा  अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे  ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**



# पढेरभन्दा परेर नै बढी जानिन्छ कि

तेज काफ्ले

त्यस ताका (कक्षा पाँचदेखि दशसम्म) हाम्रा घरमा लैना बकेर्ना भैंसी हुन्थे । पढाइसँगै अनिवार्य रूपमा दुई डोका घाँस काट्ने जिम्मा हुन्थ्यो । बिहान र बेलुका त्यो पनि स्कुलबाट घर फर्केपछि । अहिलेजस्तो फालाफाल घाँस थिएन, त्यो बेला । हुन त, अहिले ठाउँ बढेरभन्दा पनि समाजमा बढ्दै गइरहेको बसाइँसराइँ, गाईवस्तु पालनमा कमि जस्ता कारणले प्रभाव पारेको भनूँ । हामी (भाइ र म) बिहान आँखा मिच्दै डोका बोकेर घाँस काट्न निस्कन्थ्यौं ।

मसिनो त्यसमा पनि छोटो घाँस, हामीहरूलाई डोको भर्न त्यस्तै एकरडेढ घन्टा त लागि हाल्थ्यो । त्यसपछि हतार हतार स्कुल कुद्नै पर्ने, त्यसमाथि कहिलेकाहीं त कोदो मकैका थैला मिलमा पिस्नका लागि पनि । घाँस कमी भएकै कारण हामी आमासँग थुम्केलीका भिर मा घाँस काट्न जान्थ्यौं । अझ चोर्न जान्थ्यौं भनौं। भिरमा उक्लने ओलर्ने गौंडा साह्रै अप्ठ्यारा थिए । कयौंपटक घाँसका भारी पुऱ्याएर घर फर्कदा तिनै गौंडामा थरर्र खुट्टा कामेको आजै हो कि जस्तो लाग्छ अनि म ती गौंडा अहिले पनि झल्झली सम्झिरहेछु । कति पानीमरूवा होस् तँ त ! 'कसरी गरी खान्छस् नि?' भनेर आमा मलाई त्यस्तै अवसरमा बेलाबेलामा भन्नु हुन्थ्यो । कहिलकाहीं त साह्रै हिनताबोध पनि हुन्थ्यो । घाँस नै काटेर जिन्दगी बित्ला र ! 'बाच्नलाई अरू पनि काम छन् नि आमा!' भनी जवाफ पनि दिन्थें तर पनि मनले आफू किन अलिक कमजोर (अपांग होइन) नै भएको भनेर गुनासो भइ नै रहन्थ्यो । विशेषतः बलको तुजुक दाइँ हाल्दा हुन्थ्यो। १६र१७ भारी पराल र ४ र ५ मुरी धानका लागि चार बजेतिर नै खैलाबैला हुन्थ्यो। कारण थियो असाध्यै टाढाको खेत। आधा रातदेखिको दामझाम गर्दा पनि घरमा मुस्किलले धान पराल आइपुग्थ्यो। साह्रै दुःख थियो । म सोच्थें, कहिलेसम्म रहने होला यस्तो हैरानी? के अरू विकल्प छैनन् कामलाई सजिलो बनाउने? तैपनि पसिना चुहाउँदै, टाउको बङ्ग्याउँदै र ठसठसी कन्दै ती परालका भारी तान्नेबाहेक अरू कुनै विकल्प भने सुल्झिदैनथ्यो ।

बितेको तिहारमा घर (स्याङ्जा) जाँदा यही विषयमा निकैबेर गफियौं हामी दाजुभाइ। अहिले त, आनन्दसँग चिया पानी खाएर ८र९ बजेतिर खालामा पुग्ने हो। मज्जासँग दाइँ हाल्ने, ११र१२ बजेतिर उहीं पकाइएको खाना खाने अनि केही समय आराम गर्ने । त्यसपछि परालका भारी हाल्ने, केहीले खलामै धान बत्ताउने अनि केहीले पराल मोटरको बाटोसम्म पुऱ्याउने अनि गाडी बोलाएर लोड गर्ने, घर पुऱ्याएर टौवा हाल्ने हो वा कहाँ व्यवस्थापन गर्ने हो गर्ने कुरा दाइले भन्नुभयो । कुनै समय विकासको पूर्वाधार सडक भनेर पढेको कुरा मेरा मानसपटलमा घुमिरह्यो। हुन पनि ती दिनहरू सम्झिदा अहिले त धेरै नै सजिलो भएको छ पनि । अँ, कुरा बलको हुँदै थियो। दसैं तिहार ताका घरदेखि माथि भन्ज्याङमा पिर्के पिङ हालिन्थ्यो । पिर्के पिङका लागि चाहिने खामा, बला लगायतका सामान चाहिन्थे। त्यसका लागि नजिकै रहेको वनबाट ल्याउने काम हुन्थ्यो । त्यतिबेला पनि बलको बैग्लै सम्मान हुन्थ्यो । मेरै समकक्षी साथीभाइजस्तै बलियो नभएको वा त्यति पनि बोक्न नसकेको प्रति मलाई नरमाइलो लाग्थ्यो। तर तँ त कति कमजोर होस् भनेर हेपेको हेक्का छैन । कुरा लगभग तीन दशक अगाडिको हो, गाउँमा पानी ट्याङ्गी बनाउने योजना पऱ्यो। प्रत्येक घर धुरीले ८र८ मुरी बालुवा बोक्ने कुरा बैठकले पारित गऱ्यो। बालुवा तल बेसीदेखि ल्याउने पर्ने । उही माथि दाइँ हाल्ने कुराजस्तै । त्यति बेला मुस्किलले चार पाथी बालुवा घर पुऱ्याउँदा परान फुत्किन्थे । तैपनि कनिकुथी भने जति बालुवा पुऱ्याइयो। त्यति बेला फनानाले यति पाथी बालुवा बोक्यो। ढिस्कानाले यति पाथी बोक्यो भनेर गाउँगाउँमा कुरा हुन्थे । सबैभन्दा बढी १६ पाथिसम्म बालुवा बोकेको कुरा पनि गाउँमा चलेको थियो । कसले बोकेको भन्ने कुरा अहिले दिमागमा रहन सकेन ।

गाउँमा मोटर बाटो पनि आएको थिएन। बिजुली पनि आएको थिएन । दश कक्षासम्म पनि टुकी कै साहाराले पढियो । त्यही बीचमा गाउँमा बिजुली आउने कुरा भयो । ती फलामका पिल्लर पनि काँधका खाला फालीफाली पनि बोकियो । ओहो ! साँच्चिकै कहालीलाग्दा र दुःखदायी थिए। ती समय हरेकका लागि । अझ त्यो समयमा हामी केटाकेटीका लागि। समय परिवर्तन भएको छ । अहिले मोटर बाटा पुगेका छन् । सहज मान्नुपर्छ फर्केर ती दिनहरूलाई सम्झदा त । खैर, दुःख, कष्ट र असुविधाका कुरा गर्दै गर्दा त्यो समयको कर्णालीतिर को जनजीवन कति कष्टदायी थियो होला । हुन त अहिले पनि त्यति तात्त्विक फर क त छैन । तैपनि केही पनि नभएको भन्न मिल्दैन भन्ने लाग्छ ।

आखिर जीवन भोगाइका क्रममा आएका ती नै उकाली ओरालीहरू नै व्यावहारिक जीवनका बलिया साथी हुँदा रहेछन्। त्यति गरिएको थियो र त व्यवहारिक मान्छे बन्न सकियो कि भन्ने पनि लाग्छ। हुन त भारी नै बोकेर व्यवहारिक बनिने भन्ने कुरा पनि तर्क संगत नहोला तर पनि यी र यस्तै यस्तै कुराहरू त व्यवहारिक हुन् भन्ने पनि लाग्छ । भनिन्छ नि, कि पढेर जानिन्छ कि परेर । कुरै कुरामा, काठमाडौं निवासी एकजना साथीकी छोरी अध्ययनका लागि अष्ट्रेलिया गएकी रहिछन्। आफ्ना अभिभावकसँग दिनहुँ हुने कुराकानीमा पहिला उनी रुन्थिन् रे। कारण, चिया पनि पकाउन नआएर। त्यसैले मेरा उल्लिखित अनुभवले त्यो स्थिति त कदापि आउन दिने छैन कि जस्तो लाग्छ ।

सेतोपाटी डठकमबाट साभार

सिंचाइ पुर्वाधार,खानेपानीको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार गरौं । गरिबी न्यूनिकरण गरौं ।

खानेपानी,सिचाई तथा उर्जा विकास
कार्यालय
कर्णाली प्रदेश, कालिकोट नेपाल

मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

रास्कोट नगरपालिकाको
कार्यालय
कालिकोट

# कर्णालीमा अवैध क्रसर सञ्चालन



मिसन न्यूज
सुर्खेत

कर्णाली प्रदेश सकारले अवैध क्रसर उद्योग सञ्चालनका लागि कार्यविधि संसोधन गर्न सुरु गरेको छ । विद्यमान माण्दण्ड अनुसार क्रसर सञ्चालन गर्न नसकिने भएपछि भौतिक पूर्वाधार विकास मन्त्रालयसमेत सम्हालेका मुख्यमन्त्री महेन्द्बहादुर शाहीको दबाबमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले 'क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्न बनेको कार्यविधि-२०७५' संशोधन प्रस्ताव मन्त्रिपरिषद्मा लगेको छ । प्रदेश सरकारले संघीय कानुनविपरीत १० करोडमाथिका योजनाका लागि क्रसर उद्योग सञ्चालन गर्न दिने लक्ष्यसहित कार्यविधि संशोधन गर्न लागेको हो । 'व्यवसायीहरूले निर्माण सामग्री अभावमा विकास निमाृणका काम प्रभावित भएको गुनासो गरेपछि मख्यमन्त्रीले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई कार्यविधि संशोधन गर्न निर्देशन दिनुभएको थियो', मन्त्रालयका एक सचिवले भने, 'सोही निर्देशन अनुसार मन्त्रालयले कार्यविधि संशोधन गरेर मन्त्रिपरिषद्मा पठाएको छ ।'

कार्यविधिमा राष्ट्रिय प्राथमिकताका आयोजना सञ्चालन अवधिसम्म स्थानीय कच्चा पदार्थ प्रशोधन गर्ने प्रयोजनका लागि एक अस्थायी क्रसर उद्योग सञ्चालन गर्न दिने बँदा थपिएको छ । योसँगै क्रसर उद्योग सञ्चालनका लागि १० करोडमाथिको ठेक्का स्विकृत भएको हुनुपर्ने अर्को बुँदामा उल्लेख छ । बैंकिङ कसुर आरोपमा साउन ३१ गते भौतिक पूर्वाधार विकासमन्त्री खड्क खत्रीलाई बर्खास्त गरेपछि मुख्यमन्त्री शाहीले उक्त मन्त्रालय आफै सम्हाल्दै आएका छन् । आफूले मन्त्रालय सम्हालेदेखि नै क्रसर उद्योग सञ्चालन कार्यविधि संशोधनका लागि दबाब दिँदै आएको मन्त्रालयका ती सचिवले जनाए । उद्योग मन्त्रालयका सचिव कृष्णप्रसाद आचार्यले विकास-निर्माण कार्यलाई सहजीकरण गर्न कार्यविधि संशोधन गरिएके बताए । 'संघीय कानुन अनुसार सुर्खेतमा क्रसर उद्योग सञ्चालन अनुमति दिन सकिने अवस्था छैन', सचिव आचार्यले भने, 'विकास निमाृण प्रभावित नहुनेगरी नदी पैदावर प्रशोधनका लासग अस्थायी प्रकृतिको क्रसर सञ्चालन गर्न दिने विषयमा छलफल चलिरहेको छ ।'कर्णाली धेरै जसो खोला किनारमा यसरी अवैध धन्दा संचालन भएको देखिन्छ ।

## प्रकोप नियन्त्रणको सूचना


मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।


तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## सर्म्पुणमा अनुरोध

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

महाबै गाउँपालिकाको कार्यालय
कालिकोट



# पर्यटक तान्दै हुम्ला दुधे ताल

मिसन न्यूज
हुम्ला

खार्पुनाथ गाउँपालिका वडा नम्बर २ र ३ मा पर्ने दुधेदह ताल प्रचारप्रसार अभावले ओझेल परेको छ । विशेषगरी छोटो यात्रामै उत्कृष्ट पर्यटकीय गन्तव्यको स्वाद लिन चाहनेहरूका लागि रायाँ र थालीगाउँबीचको दुधेदह उपयुक्त हुने गरेको छ । दुधेदहलाई सरकारले नयाँ सय पर्यटकीय गन्तव्यको सूचीमा समेत छनोट गरेको छ। तर, आवश्यक प्रचारप्रसार अभावमा यो दह जिल्लाभित्रै पनि गुमनाम छ।

स्थानीयस्तरमा भने कोही मानिस मरेमा पवित्र तीर्थस्थल दुधेदह पुगेर पाप कटाउने गरेको खार्पुनाथ गाउँपालिका(२ का नवराज छन्त्याललले बताए। तर यो स्थनामा जाने सहज बाटो नहुँदा निकै कठिन हुने छन्त्यालको भनाइ छ। हुन त दुधेदह मात्रै होइन हुम्लाका अन्य पर्यटकीय स्थलले पनि आवश्यक प्रचारप्रसार पाएका छैनन् ।



पर्यटकीय गन्तव्य विकासमा स्थानीय तह र प्रदेश सरकारबीच सहकार्य नहुँदा प्रचुर सम्भावना बोकेका हुम्लाका पर्यटकीय गन्तव्य ओझेलमा परेको टच कैलाश टूभल्स एजेन्सीका क्षेत्रीय प्रबन्धक विष्णु रावतले दुखेसो गरे। करिब पाँच हजार मिटर उचाइमा रहेको दुधेदह ताल पदयात्राका क्रममा यहाँ पाइने विभिन्न किसिमका जडीबुटी, फुल्ने अनौठा र सुन्दर फूल अर्को आकर्षण भएको उनले बताए।

**जडीबुटीको केन्द्र**

दुधेदह ताल क्षेत्र कटुकी, जटामासी, सुगन्धवाल, पाँच औले, सेन्टाइनोजस्ता जडीबुटीको भण्डार पनि हो। तर, पहिचान नहुँदा अझै भर्जिन क्षेत्रको रूपमा रहेको छ । हिमाली भेगमा पाइने बुकी प्रजातीको घाँस, विभिन्न थरीका फूलले यहाँ पुग्ने पर्यटकको मनै लोभ्याउँछ।

**घुम्ने उपयुक्त समय**

बाँकी ८ पेजमा.....

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधैं ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल (वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# भारी बोकेरै.............................

र घर खर्च चलाइरहेको छु ।' 'देशमा संघीयता आयो भन्छन्, के हो संघीयता ? मलाई थाहा छैन । हामीहरु जस्ता भारी बाकी खानेहरुका लागि संघीयता आएपनि नआए जस्तै छ। पहिला पनि भारी नै बोकेरै खानु पर्थ्यो, अहिले पनि भारी बोकेरै खाइरहेका छौं, उनले भने, 'खडक खन्नका लागि गाँउभरी स्काइभेटर मेशिन ल्याएर बाटो खनिरहेका छन् । जनप्रतिनिधीहरुकै हालिमुहाली छ। हामी गरिबहरुको वडापालिका वा नगरपालिकामा केही गणना छैन । जोसंग पैसा छ, उनीहरुनै जनप्रतिनिधिको नजिक भएर सबै ठेक्का लिन्छन्। वास्तवमा हामीसंग न पावर हुन्छ न त पैसा। पहिला जस्तो थियो अहिले पनि उस्तै छ । सिंहदरबारको अधिकार गाँउमा आउने हल्ला सुन्दा हामीलाई खुशी पनि लागेको थियो । अहिले वास्तवमा संघीयता भनेकै हुने खानेहरुको पोल्ठा भर्ने काम भष्ट्रचार र बेथिति आएको महसुस भएको छ।, रोजगारीकै लागि भारतको नैनिताल जानु परेको छैन । आफ्नै घर नजिक भारी बोकेर भएपनि गुजारा गरेका छौँ। यसैमा चित्र वुझाउनु परेको छ ।' पंखे मात्र होइनन् जिते बजारमा भारी बोक्दै गरेका शुभकालिका गाँउपालिका -२ भर्ता निवासी ३५ वर्षीय प्रेम तिमेल्सेनाले पनि यस्तै गुनासो गरे । तत्कालिन माओवादि र राज्य पक्षविचको चर्किदो समयमा १३ वर्षको उमेरमा पढाई छाडि म रोजगारिको लागि बुवासंग भारतको नैनितालमा ज्याला मजदुरी गरेँ। भारतमा मेरो ११ वर्ष बित्यो । त्यसपछि नेपालमा द्वन्द्व सामाधान भयो भन्ने सुनेँ अनि म घर फर्किएँ। देशमा संघीयता आउन लाग्यो भन्ने थाहा पाएपछि घरफर्किए तर, संघीयता भन्ने शब्द जे सुनेको थिएँ, वास्तवमा त्यो मैले देखेन । अहिले म दिनभरी भारी नबोके सम्म बिहान बेलुका छाक टार्न मुस्किल पर्छ। संघीयता मलाई थाहा छैन ।यही बजार मेरो जिवन चलाउने भाँडो भएको छ ।' हुँदापनि संघीयता गरिब र निमुखाहरुका लागि हो तर पछिल्लो समय संघीयता हुने खाने र जनप्रतिनिधिहरुका आसेपासेहरुको लागि मात्र आएको जितेबजार बजार व्यवस्थापन समितिका अध्यक्ष दिल बहादुर शाहीले बताए । संघीयता आउनु अगाडी नागरिकहरमा जे आशा थियो, त्यो आशा हराएको छ ,गाँउमा सिंहदरबार आयो भन्छन् तर, वास्तवमा भष्टचार मात्र आएको छ । दिन प्रतिदिन रोजगारीको लागि नेपालि बेरोजगार युवाहरु विदेस जानेको लर्को छ । अहिले सम्म कुनै पनि स्थानिय तहले बेरोजगार युवाहरुलाई रोजगारी दिएर गाउँमै रोक्न सकिरहेका छैनन् । के को संघीयता, गाँउ गाँउमा पैसावालाहरुले जनप्रतिनिधीसंग मिलेर कमिशन खाएर बाटो खन्न डोजर ल्याएका छन्। स्थानिय नागरिक रोजगारीको लागि बाहिर जाँदैछन् ।


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रूपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ, गरिबी न्यूनिकरण गरौँ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# जिम्मेवारी थपियो बोझ घटेन

**मिसन न्यूज**

**पोखरा**

समय फेरिएको छ। चुलो चौकोमा सिमित महिला पेशा, व्यवसायमा आवद्ध छन्। यो आवद्धताका कारण उनीहरू दोहोरो भूमिका र जिम्मेवारीमा परेका छन्। यस्तै दोहोर जिम्मेवारीमा परेकी प्रतिनिधि पात्र हुन् पोखरा सिमलचौरकी सम्झना के.सी। विहान ५ बजेदेखि बेलुका ९ बजेसम्म सम्झनाका हात खाली हुँदैनन्। समाजशास्त्रमा स्नातकोत्तर गरेकी सम्झना एक वित्तिय संस्थामा क्यासीयर हुन्। त्यस अलावा घरमा एक कुशल बुहारी, श्रीमती र आमा। दुवै ठाउँमा उत्तिकै जिम्मेवारी निर्वाह गर्नुपर्छ उनले। एउटा गैरसरकारी संस्थामा काम गर्ने उनका श्रीमानलाई भने यस्तो चाप छैन। एकै समयमा अफिस जानुपर्ने भएपनि उनका श्रीमान सरोजको भने आफ्नै दैनिकी छ। उनी विहान ६ बजे उठ्छन् मर्निङ्गवाक जान्छन्। आएर बाथरुम जान्छन्। आफ्नो नित्य कर्म भ्याएपछि, सम्झनाले चिया ल्याएर दिन्छिन् उनी चिया पिउँदै टेलिभिजन, एफ.एम र पत्रपत्रिका पढ्छन्। त्यति बेलासम्म सुनिताले घर धन्दा सबै भ्याइसकेकी हुन्छिन्।

सम्झनाले ४ कक्षामा पढ्ने छोरी १ कक्षामा पढ्ने छोरा र श्रीमानसँगै आफू पनिसँगै खाना खान्छिन्। बच्चा बच्चीलाई स्कुलको लागि तयार गरीदिन्छिन्। सम्झनाले श्रीमानसँग आफूलाई कामको बोझ भयो भनेकी छैनन्। 'म विहान भर कति थकित हुन्छु उहाँले पनि त देख्नुभएको छ। यस्तो कुरा भनेर भन्दा पनि महसुस गर्नु पर्ने हो तर उहाँले ध्यान दिनुहुन्न' श्रीमानलाई लक्षित गरेर सम्झनाले भनिन् 'यदी मैले कामको बोझको बारेमा कुरा गरे भने उहाँले जागीर छोड्न भन्नुहुन्छ। म जागीर छोडेर घरधन्दामा सिमित हुन चाहन्न।' सम्झनाको जस्तै कथा व्यथा छ पोखराकै संगीता खड्काको पनि। एक निजी विद्यालयकी शिक्षिका संगीता एक सन्तानकी आमा हुन्। ६ वर्षीया छोरी कि यी आमालाई पनि घरधन्दा बजार र जागीरे जीवनले निकै व्यस्त बनाएको छ। उनका श्रीमान एक कम्पनीका मार्केटिङ म्यानेजर हुन्। अधिकांश समय बाहिरै फिल्डमा हुन्छन्। संगीता भन्छिन, 'उहाँ थाकेर आउनुहुन्छ भन्ने लाग्छ अनि म केहि भन्दिन।' उनी भन्छिन्, 'जति नै जाने बुझे र पढे लेखेका महिला भएपनि पारिवारिक सम्बन्धको अगाडि चुँ बोल्न चाहँदैनन्। आफू हिंसामा परेको थाहा पाए पनि सम्बन्धलाई सुमधुर बनाउने चाहना धेरैजसो महिलामा देखिन्छ। त्यो ममा पनि छ।'

सम्झना र संगीता अधिकांश कामकाजी महिलाका प्रतिनिधि हुन्। एकाध बाहेक धेरै महिलाले यो समस्या भोग्नुपर्छ। घर बाहिर निस्कन पाउने महिलाले अहिले विभिन्न क्षेत्रमा निकै फड्को मारेका छन्। तर उनीहरूले निर्वाह गर्नुपर्ने दोहोरो जिम्मेवारी महिलाको श्रमको अवमूल्यन हो भन्छिन्, अधिवक्ता उषा बरुवाल।

यस्ता समस्याहरू कामकाजी महिलाको लागि निकै चुनौतिपूर्ण भइरहेका छन्। कुनै पनि पुरुष कतै जाँदा सजिलै बाहिर निस्कन्छन् भने त्यसरी नै महिला बाहिर निस्कँदा सम्पूर्ण जिम्मेवारी बहन गरेर मात्र निस्कनुपर्छ। यदि यसो गर्न सकिएन भने कि बाहिरको काम छोड्नु पर्छ, कि घरमै बस्नुपर्छ। यसलाई सदियौंदेखि चलिआएको पितृसत्तात्मक सोचको प्रभाव भएको बताउँछिन् महिला उद्यमी हिरा भटट्राई। कम्युनिटि सर्पोट ग्रुपकी कार्यक्रम संयोजक माया गुरुङको पनि यस्तै अनुभव छ। उनी भन्छिन्, 'महिला अधिकारको बारेमा जति नै बहस गरे पनि आखिर महिला पूर्ण रुपमा अधिकार सम्पन्न हुन सकेका छैनन्। महिलाका केही साझा र जैविक समस्याहरू

# जयललिताको चरित्रमाथि कंगनाको न्याय

**मिसन न्यूज**

**भारत**

भारतको तमिलनाडु राज्यकी पूर्व मुख्यमन्त्री जयललिताको बायोपिक थलाइवीको फस्ट लुक र टिजर सार्वजनिक गरिएको छ। फिल्ममा प्रमुख भूमिकामा रहेकी कंगना रनौतलाई अनुहार र हाउभाउमा दुरुस्तै जयललिताका रुपमा प्रस्तुत गरिएको छ।



जयललिता र उनको चरित्रमा अभिनेत्री कंगना रनौत

चुनौतीपूर्ण चरित्रमा जीवन्त अभिनयबाट आफूलाई साबित गर्दै आएकी कंगनाको यो पछिल्लो फिल्मप्रति पनि दर्शक र समीक्षकको अपेक्षा धेरै रहेको भारतीय सञ्चार माध्यमहरुले जनाएका छन्। जयललिताको चरित्रलाई न्याय गर्न कंगनाले तमिल भाषा, भरतनाट्यम सिक्नेदेखि उठ्ने(बस्ने हरेक तौरतरिकाबारे अभ्यास गरेको बताइएको छ। फिल्मको घोषणा हुने वेलामै कंगनाले आफ्नो कहानी जयललितासँग मिल्दोजुल्दो रहेकी बताएकी थिइन्।जयललिता राजनीतिमा लाग्नुअघि कलाकारितामा लागेर ख्यातिप्राप्त अभिनेत्री बनेकी थिइन्। आफूले पनि जिन्दगीमा सबै कुरा संघर्षले पाएको बताउँदै कंगनाले भनेकी थिइन्, मेरो कथा जयललितासँग धेरै हदसम्म मिल्छ, तर सफलताको मामिलामा उनको कथा मेरो भन्दा ठूलो छ। ए एल विजयले निर्देशन गरेको लाइवी हिन्दी, तमिल, तेलुगु गरी तीन भाषामा प्रदर्शन गर्ने जनाइएको छ। फिल्म २६ जून २०२० मा रिलिज हुनेछ। एजेन्सी

# सातको भाग्यफल

| | |
|---|---|
| मेष : | विभिन्न अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा अलि पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला। स्वास्थ्य कमजोर रहनेछ। समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला। सम्भावना देखिए पनि उपलब्धि हातपार्न बढी श्रम गर्नुपर्ला। |
| वृष : | छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। अरूका लागि उपयोग भइनेछ र बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ। |
| मिथुन : | कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन्। अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। |
| कर्कट : | मिहिनेत परे पनि सोचेको नतिजा हातलागी नहुन सक्छ। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। अध्ययनतर्फ धेरै समय जुट्न नसकिएला। समयमा वचन पुर्याउन नसक्ता आलोचित भइनेछ। द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ। |
| सिंह : | बिछोडिएका परिवारजनसँग भेटघाट हुनाले दिन रमाइलो रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ। तर अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन्। हठात् निर्णय गर्दा समस्या देखिन सक्छ। खानपान र भेटघाटमा सावधानी अपनाउनुहोला। |
| कन्या : | आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। पछिका लागि लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ। छिमेकमा असमझदारी बढ्नेछ, होसियारीसाथ काम लिनुहोला। |
| तुला : | आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। चिताएका काममा अलि बाधा हुनसक्छ। समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। तर समयमा सजग नहुँदा आफ्नो लाभांशबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। |
| वृश्चिक : | नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ। |
| धनु : | चुनौतीभित्र अवसर खोज्ने समय छ। पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला। |
| मकर : | परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ। अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला। आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ। चिताएको काम बिग्रनाले निराशा छाउनेछ। |
| कुम्भ : | मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। अर्थअभावले सताउन सक्छ। लोकाचारका लागि भोगविलासका वस्तु जुटाउनुपर्ला। यात्राको प्रक्रियाले खर्च बढाउन सक्छ। आफन्तबीच आत्मीयतामा कमी आउने समय छ। वादविवादले घर(गृहस्थीमा समस्या निम्त्याउन सक्छ। |
| मीन : | चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ। मिहिनेतले काममा सफलता दिलाउनेछ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। |

# उत्तरी नाका कछुवा.........................

नाका खोल्नका लागि सरकारले विनियोजन गरेको बजेटमध्ये थाइलभन्दा अगाडि ठूलो नाङ्लेभीर रहेको त्यो भीर फोड्नका लागि अनिवार्य ब्लास्टिङ गर्नुपर्ने प्रमुख महताराले बताए। 'ठूलो भीर छ। बजेट थोरै छ। ब्लास्टिङ गर्नुपर्नेछ,' उनले भने, 'उत्तरी नाका खोल्नका लागि यो रकम अपर्याप्त छ।' सरकारले राष्ट्रिय प्राथमिकतामा राखेको उत्तरी नाकालाई बजेट थोरै दिने गरेको र सरकारी चासो कमै हुने गरेको प्रमुख महताराले बताए । नाग्चेलाग्ना नाका खोल्नका २०६७ देखि निर्माण सुरू भएको हो। यो सडकमा १० करोड रुपैयाँ खर्च भइसकेको छ । सुर्खेतबाट नाग्मा, गमगढी हुँदै तिब्बतको सीमासम्म ३ सय ९० किलोमिटर लम्बाइ रहेको यो सडकका लागि बजेट थोरै आउने गरेको सडक डिभिजन कार्यालय जुम्लाले जनाएको छ। बजेट अभावमा डोल्पाको मोरिल्ला नाका भेरी कोरिडोर हुँदै डोल्पाको मोरिल्ला नाका खोल्नका लागि सरकारले चालू आवका लागि बजेट नै विनियोजन गरेको छैन । डोल्पाको दुनैदेखि मोरिल्लासम्मको १ सय २७ किलोमिटर सडकमध्ये डोल्पाको धौदेखि चीनको मोरिल्ला जोड्ने ६५ किलोमिटर सडक ट्र्याक खुलिसकेको सडक डिभिजन कार्यालय रूकुम चौरजहारीका प्रमुख नरेन्द्र भट्टले बताए । उनले भने, 'डोल्पा सदरमुकाम दुनैदेखि मोरिम्लासम्म १२७ किमिमध्ये मोरिल्लादेखि दुनैतर्फको धौसम्मको ६५ किलोमिटर सडक निर्माण भइसकेको छ । त्यसबीचको सडक निर्माण कडा चट्टान भएका कारण समस्या भएको छ।' दुनैदेखि धौसम्मको सडक निर्माणका लागि वातावरणीय मूल्याङ्कनको काम शुरू भएको तर सरकारले बजेट विनियोजन भने भइनसकेको प्रमुख भट्टले बताए । उनले भने,'वातावरणीय मूल्याङ्कन भएपछि बजेटको व्यवस्था हुन्छ।'

# पर्यटक तान्दै ....................

दुधेताल र हिमशृंखलाको मनमोहक दृश्य हेर्नका लागि भदौ महिनाको सुरुदेखि मंसिर महिना अन्तसम्म राम्रो समय हो। खार्पुनाथ गाउँपालिका( ३ का पूर्णबहादुर रोकायाका अनुसार जेठ, असार ,साउन महिनामा हुस्सु लाग्ने भएकोले भदौ, असोजदेखि मंसिर उपयुक्त समय हो ।

खार्पुनाथ गाउँपालिका(२ थाली र वडा नम्बर ३ रायाँ गाउँबाट छोटो दूरीमा दुधेदह ताल पुग्न सकिन्छ । तर खार्पुनाथ गाउँपालिकाको लेख, छिप्रा माझगाउँबाट भने अलि टाढा हुन्छ। हिमाली क्षेत्र भएकाले यात्राका वेला खाजा नास्ता र बाक्लो ज्याकेट, टेन्टलगायत सामान बोक्नुपर्दछ । रायाँ गाउँबाट दुई घन्टा पैदलयात्रापछि रुगिखाँडा भन्ने स्थानमा पुग्न सकिन्छ । एकैदिनमा तालसम्म पुग्न नसकिने भएकाले बयाने भन्ने स्थानमा एक रात बास बस्नुपर्छ। भोलिपल्ट बिहान ताल दृश्यावलोकन गरी बेलुका रायाँगाउँ नै आइपुग्न सकिन्छ । कर्णालीमा यस्तै सयौंको संख्यामा पर्यटकिय गन्तव्यहरु रहेका छन् ।


## स्वास्थ्य सन्देश

**उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि<br>२.खाना पकाउन वा तयार गर्नु अघि<br>३.खाना खानु र सुत्नु अघि<br>४.बच्चाको दिसा धोइ दए पछि<br>५.फोहोर धाएपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक<br>२.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>३.साबुनपानीले हातधुने बानी<br>४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>५.सफा घर आगन<br>६.सफा वातावरण |

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता

– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्री उत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

## साधारण लक्षण भएमा घरमै वसौं। आवश्यक परेमा नजिकको स्वास्थ्य संस्थामा जाऔं। भिडवाड, भौतिक दुरी कम हुने र भेन्टिलेसन पर्याप्त नभएका स्थानहरुबाट टाढाँ रहौं, कोरोनाबाट बचौं।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत